# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७५ को नियम १११ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम नियम ११२ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | ९ [1] | (१) | | | दफा ७ को उपदफा (७) पछि देहाहको उपदफा (८) थपिएको छ -<br>"(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा .... | दफा ७को उपदफा (६) पछि देहायको उपदफा (६ क) थपिएको छ -<br>"(६ क) अध्यक्षको पदावधि सकिन तीन महिना अघि नै उपदफा (२) बमोजिमको प्रकृया पूरा गरि भावी अध्यक्ष छनौट गरिसकेको हुनु पर्नेछ ।"<br>दफा ७ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ -<br>"(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा ..... | अध्यक्ष पद रिक्त नरहोस् भनेर |
| २ | १० [2] | (१) | | | | साविकको दफा ४ को उपदफा (२) को (क) को सट्टामा देहायको उपदफा (२) को (क) राख्ने ।“<br>४(२)(क) – किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, विदेशबाट नेपालमा ल्याउने वा नेपाललाई बाटोको देशको रुपमा प्रयोग गर्ने”<br>दफा ४ को उपदफा (२) को खण्ड (ख) पछि देहाहको खण्ड (ग) थपिएको छ:-<br>.... | यस उपदफाले नेपालबाट विदेश लैजाने कार्यलाई मात्रै मानव बेचबिखनको लागि हुने ओसारपसार भित्र समेटेको छ । तर नेपालमा घटेका कतिपय घटनाहरुमा मानव बेचबिखनको लागि विदेशबाट नेपाल ल्याउने वा नेपाललाई बाटोको राष्ट्रको रुपमा प्रयोग समेत गरिरहेको अवस्था छ, जुन घटनाहरुमा कानुनी कारवाही हुन सकेको छैन । त्यसैले विदेश लैजाने साथै विदेशबाट नेपाल ल्याउने वा नेपाललाई बाटोको देशको रुपमा प्रयोग गर्ने कार्यलाई समेत ओसार पसारको रुपमा समेट्न आवश्यक छ । |
| ३ | १० | (१क) | | | | (१)(क) थप गर्ने :<br>दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने ।<br>“(३) कसैले देहायको कुनै कार्य गरेमा मानव तस्करी गरेको मानिने छ ।<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानुनी रुपमा प्रवेश गराउने कार्य गरे वा गराएमा ।” | मानव बेचबिखनको लागि हुने ओसार पसार सिद्धान्ततः शोषणको लागि व्यक्तिको सहमती विना गरिएको हुन्छ भने सामान्यतया मानव तस्करी व्यक्तिको सहमतीमा गैरकानुनी रुपमा अन्य मुलुकमा प्रवेश गर्ने उद्देश्यले गरिन्छ । अतः ओसार पसारमा पीडित व्यक्ति हुने र पीडितको अधिकारलाई संरक्षण गर्नुपर्ने हुन्छ भने मानव तस्करीमा व्यक्ति आफै सहमतीमा कसूरमा संलग्न भएको स्थिति हुन्छ । अतः मानव बेचबिखनको लागि हुने ओसार पसार र मानव तस्करीलाई छुट्टाछुट्टै रुपमा व्यवस्था गर्न आवश्यक छ । दीर्घकालिन रुपमा मानव तस्करी सम्बन्धी छुट्टै कानुन बनाउन आवश्यक छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ११ | (१६क) | | | उपदफा थप | दफा ११ उपदफा (२) विभागको प्रमुखको नियुक्ति गरिने छ<br>(२क) प्रमुख हुन चाहिने योग्यता -<br>(अ) सम्पत्ति शुद्धिकरण सम्बन्धी कार्यमा कम्तिमा पाँच वर्षको अनुभव भएको<br>(आ) ... संवैधानिक आयोग प्रमुखमा हुन पर्ने योग्यता ...<br>(२ख) प्रमुखको नियुक्ति प्रकृया -<br>... संवैधानिक आयोग प्रमुख मनोनयन सरहको प्रकृया ...<br>(२ग) प्रमुखको पदावधि - प्रमुखको पदावधि ६ वर्षको हुनेछ<br>(२घ) प्रमुखको पदमुक्त हुने -<br>* सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कार्वाही अगाडि नबढाएमा<br>* सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कार्वाही दुरुपयोग गरी अनावश्यक दु:ख दिएमा<br>* भष्ट्राचार लगायत फौज्दारी अभियोग प्रमाणित भएमा | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा राजनैतिक हस्तक्षेप घटाउन र काम गर्ने वातावरण बनाई सशक्त बनाउन |
| ५ | ११ [3] | (३०) | | | २८ सम्पतिको स्रोत खुलाउन पर्ने ....<br>(६) उपदफा (२) .... सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा आन्तरिक राजस्व विभागमा लेखी पठाउन पर्नेछ । | २८ सम्पतिको स्रोत खुलाउन पर्ने ....<br>(६) उपदफा (२) .... सोको अभिलेख राखी, (२) (क) अनुसार स्रोत खुलेको सम्पत्तिको निश्चित हदसम्म आन्तरिक राजश्व कार्यालयलाई कर निर्धारण तथा असुलीको लागि पठाउने र सो भन्दा बढी रकम जफत गर्नु पर्नेछ ।<br>(६) उपदफा (२) खण्ड (क) थप्ने -<br>उपदफा (२) आन्तरिक राजश्व कार्यालयलाई कर निर्धारण तथा असुलीको लागि पठाउने सकिने हद तपसिल बमोजिम हुनेछ -<br>* स्रोत खुलेको आय १ करोड सम्म भए, स्रोत खुलेको आयको ३०% सम्म बढि भएको सम्पति<br>* स्रोत खुलेको आय १ - ५ करोड सम्म भए, स्रोत खुलेको आयको २०% सम्म बढि भएको सम्पति<br>* स्रोत खुलेको आय ५ करोड भन्दा बढी भए, स्रोत खुलेको आयको १५% सम्म बढि भएको सम्पति | नेपालमा अर्थतन्त्रको ठूलो हिस्सा अनौपचारिक क्षेत्र भएकोले एक पटक मौका दिएर अनौपचारिक क्षेत्रबाट आर्जित सम्पत्तिलाई करको दायरमा ल्याई औपचारिक अर्थतन्त्रमा प्रवेश गराउने निकास जरुरी भएको ।<br><br>तर कर तिरेकै भरमा असिमित स्रोत नखुल्ने सम्पत्ति वैध गर्न दिएमा भष्टाचार र अपराधिक गतिविधिलाई मान्यता दिएको सन्देश जाने भएकोले हद म्याद समेत तोक्न जरुरी भएको । |
| ६ | १६ [4] | ३ [5] | | | दफा १२५ पछि देहायको १२५क. थपिएको छ<br>१२४क. हुण्डी सम्बन्धी कारोबार गर्न नहुने: .... | दफा १२५ पछि देहायको १२५क. थपिएको छ<br>१२४क. हुण्डी सम्बन्धी कारोबार गर्न नहुने: ....<br>उपदफा (१) कसैले पनि हुण्डी सम्बन्धी कारोबार वा व्यवसाय गर्न वा गराउन हुदैन ।<br>स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि "हुण्डी सम्बन्धी कारोबार" भन्नाले ......<br>"हुण्डी सम्बन्धी कारोबार सञ्चालक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धन प्राप्त निकाय बाहेक हुण्डीको कारोबार वा व्यवसाय गर्ने वा गराउने संस्था वा व्यक्ति समेत सम्झनु पर्नेछ ।<br>"हुण्डी प्रयोगकर्ता" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धन प्राप्त निकाय बाहेक हुण्डीमार्फत रकम स्थानान्तर गर्न खोज्ने व्यक्ति सम्झनु पर्नेछ ।<br><br>(३) कसैले (१) वा (२) बमोजिमको कसुर गरेमा, हुण्डी सम्बन्धी कारोबार सञ्चालकलाई बिगोबराबरको रकममा ५० हजार देखि १ लाख सम्म थप गरी जरिवाना र १ वर्ष कैद हुनेछ । हुण्डी प्रयोगकर्ताको हकमा भने वैध वैदेशिक रोजगारीमार्फत आर्जित रकम देश भित्राइएको देखिएमा एक पटकको लागि आर्थिक सारक्षताको अनिवार्य तालिम लिन लगाई चेतावनी दिएर कसूर माफी दिईने छ, दोश्रो पटकदेखि बिगो जफत गरिनेछ । अन्य हुण्डी प्रयोगकर्ताको हकमा भने पहिलो पटकदेखि नै बिगो जफत गरिनेछ । | हुण्डीले विदेशी मुद्रा निक्षेपमा नकारात्मक असर पार्ने भएकोले नियन्त्रण गर्न जरुरी भएको तर विभिन्न प्रयोजनको लागि वैध माध्यम मंहगो वा असहज भएकोले प्रयोगकर्तालाई भन्दा सञ्चालकलाई दण्ड दिएर नियन्त्रण गर्न |

(१) नाम, थर: सुमना श्रेष्ठ    दस्तखत:    क्र. स.:    मिति २०७९ - ११ - १३

[1] धितोपत्र ऐन

[2] मानव बेचबिखन तथा ओसार पसार

[3] सम्पति शुद्धिकरण निवारण ऐन

[4] मुलुकी अपराध संहिता

[5] हुण्डी